प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१, विराटनगर, नेपाल

प. सं. २०७६/७७
च. नं. ०१

मिति २०७६/०४/०१

**विषयः आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

प्रदेश विनियोजन ऐन, २०७६ प्रदेश सभाबाट पारित भई मिति २०७६/०३/२३ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०७६/७७ का लागि सहकारीज्यू अन्तर्गत निकायहरुका लागि छुट्याइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट हुने विश्वास लिएको छु। विनियोजन ऐन, २०७६ कार्यान्वयनको सन्दर्भमा, थप स्पष्टता सहित देहायको मार्गदर्शन यहाँको जानकारीका लागि प्रेषित गरेको छु। महालेखा परीक्षकको पछिल्ला प्रतिवेदनहरुमा उल्लिखित विवरण र बेरुजूका दृष्टान्तहरुले आर्थिक अनुशासन पालनामा सबै निकायहरु गम्भीर हुनुपर्ने देखिएको व्यहोरा पनि यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

आर्थिक वर्ष २०७६/७७को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु गराउनु हुन अनुरोध गरेको छु।

## (क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS)मा प्रविष्ट भएको तथा वार्षिक कार्यक्रम पुस्तिका(कार्यक्रम र परियोजना अनुसार बजेट विनियोजन, आर्थिक वर्ष २०७६/७७ को मन्त्रालयगत कार्यक्रम र प्रशासनिक खर्च समेत)मा समावेश भएका कार्यक्रमलाई नै स्वीकृत भएको र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतका इकाई कार्यालयहरूले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्ने व्यवस्था मिलाउने छन् ।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry budgetary Information System-PLMBIS)मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ। तर चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्रांकित प्रथम श्रेणीको अधिकारीले स्वयं कार्यक्रम संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र संशोधन गरिनेछ।

३. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा खर्च गर्ने निकायहरुलाई २०७६ साउन मसान्त भित्र सम्पूर्ण रकम बाँडफाँट गरिसक्नु पर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुहुनेछ।



सचिव

PLMBIS मा कार्यक्रम/ क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रुपमा विनियोजित रकमको क्रियाकलापगत विवरण खुलाई चौमासिक विभाजन सहितको कार्यक्रम तयार गरी २०७६ साउन मसान्तभित्र यस मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुहुनेछ । खर्च शीर्षक नं. २८९११ (भैपरी आउने- चालु खर्च), ३१५११ (भैपरी आउने- पूँजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्नेछ। फागुन मसान्तसम्म काम शुरु नभएका कार्यक्रमहरूको सम्पूर्ण बजेट चैत १५ गतेभित्र अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ।

५. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका आयोजना/कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन र स्वीकृत नभएका नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन। स्रोत सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नुहुनेछ । स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप निकासा, रकमान्तर, स्रोतान्तर गरिने छैन।

६. नियमानुसार कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर, थप निकासा लगायतका प्रक्रिया पूरा गरी PLMBIS प्रविष्ट गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ। चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ ठेक्का गर्नु परेमा पछिल्ला वर्षहरुको स्रोत सुनिश्चितताका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वसहमति अनिवार्य लिनुपर्नेछ।

७. चालु अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता,पोशाक भत्ता, भाडा, पानी बिजुली, सञ्चार महसुलजस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य कार्यका लागि बाँडफाँट गर्नुगराउनु हुनेछ। अनिवार्य दायित्व वापत बाँडफाँट कम गरेको कारणबाट सिर्जित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन।

८. नेपाल सरकारबाट सशर्त अनुदान मार्फत हस्तान्तरण भएका आयोजना/कार्यालय/कार्यक्रमको बजेट तहाँ अन्तरगत समावेश गरिएको हुँदा मातहत सम्बन्धित निकायहरुलाई अख्तियारी प्रदान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्नेछ । नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने योजना वा कार्यन्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नु पर्नेछ ।

९. प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा बाहेक कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्रै रही साधारण प्रशासन तर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रमतर्फ पनि बजेट सीमा भित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु गराउनुहुनेछ।

१०. आर्थिक वर्ष २०७७/७८ को बजेटमा समावेश गर्ने नयाँ कार्यक्रम/आयोजनाको लागि चालु आर्थिक वर्षमा विनियोजित बजेटबाटै आयोजना बैंक तयार गरी अनिवार्य रुपमा २०७६ पौष मसान्तसम्म आर्थिक मामिला तथा योजना मन्त्रालयमा जानकारी गराउनु पर्नेछ। बहुवर्षीय खरिद सम्झौताबाट सिर्जित दायित्वको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँट गर्नुहुनेछ ।

(ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

११. प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकार सूचीमा परेकोमा सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम आफैले कार्यान्वयन गर्न चाहेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले



सचिव

स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने देखिएमा सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्न यस मन्त्रालयमा लेखि पठाउनुपर्नेछ। त्यसरी हस्तान्तरित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रगति विवरण सङ्कलन सम्बन्धित मन्त्रालयबाट नै गर्नु पर्नेछ ।

१२. स्थानीय तहमा हस्तान्तरण भएको स्थानीय तहले स्वीकृत गरेको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गराउन चाहेमा सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित कार्यालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

## (ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

१३. बजेटको प्रभावकारी कार्यान्वयनको लागि बजेटमा समावेश भएका कार्यक्रमहरुको समयसीमा सहितको कार्ययोजना **श्रावण मसान्त** भित्र स्वीकृत गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ । साथै **पुँजिगत खर्च जेष्ठ मसान्तभित्र** गरीसक्ने व्यवस्था मिलाउनुहुनेछ ।

१४. सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार आयोजनाको तयारीका चरणहरू पूरा गरी बजेटमा परेका आयोजना/कार्यक्रमको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान, बोलपत्र कागजात तयार गरी **श्रावण मसान्तभित्र** स्वीकृत गरी **बोलपत्र** आव्हान समेत गरी सक्नु हुनेछ।

१५. **असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन** गरी ठेक्का बन्दोबस्त तथा खरिद सम्झौता गर्नु हुनेछ। ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कार्यादेश दिने व्यवस्था मिलाउनु हुनेछ। बजेटमा परेका सबै विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनका प्रारम्भिक चरणका कार्य पूरा गरी **पहिलो चौमासिक भित्र** कार्य प्रारम्भ हुने तथा कार्यादेश दिने व्यवस्थाको लागि मातहतका निकाय र आयोजना प्रमुखलाई जिम्मेवार बनाउनुहुनेछ ।

१६. तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य शुरु नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरूप काम नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१७. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यहरूका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रुपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नुहुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई परिणाम (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ।

१८. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली, कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्य **श्रावण मसान्तभित्र** सम्पन्न गर्नुहुनेछ। कार्यक्रम/आयोजनाहरू सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दीहरू साउन मसान्तभित्र स्वीकृत गराई सक्नु पर्नेछ।

१९. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्यविवरण, मुख्य कार्यसम्पादन सूचकहरू, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व सहित **श्रावण १५ गतेभित्र** आयोजनामा खटाउनु

हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ। यसै गरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धी, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नुहुनेछ।

२०. आयोजना/कार्यक्रमको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ। पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ।

२१. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानुनमा तोकिएको न्यूनतम समयसीमा भित्र सम्पन्न गर्नुहुनेछ।

२२. स्वीकृत कार्यक्रम तथा आयोजनामा विनियोजित रकम ठेक्का बन्दोबस्तको प्रकृयाद्वारा सम्झौता भईसकेपछि बचत भएको रकम फिर्ता गर्नुपर्नेछ। कारणवश त्यसरी बचत भएको रकम पुनः खर्च गर्नु परेमा यस मन्त्रालयको सहमति लिनु पर्नेछ। साथै स्वीकृत कार्यक्रममा विनियोजित बजेटबाट आयोजनाको लागि ठेक्का कबोल रकम र अन्य प्रशासनिक खर्च भुक्तानी गरी बाँकी हुने रकम खर्च गर्नका लागि सम्बन्धित मन्त्रालयबाट कार्यक्रम स्वीकृति गराई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मात्र अन्य कार्यक्रममा खर्च गर्न सकिनेछ ।

२३. विभिन्न किसिमका कोष, अनुदान, सहायता र मागमा आधारित कार्यक्रम आदिमा विनियोजन भएको रकम कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ। कार्य सम्पन्न भएपछि कामको भेरिफिकेसन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गर्न लगाउनु हुनेछ। बिल पेश भएको मितिले १५ दिनभित्र बिल स्वीकृत गरी भुक्तानीको व्यवस्था मिलाउनु हुनेछ।

## (घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

२५. पुँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गरिने छैन।

२६. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

२७. तलब, भत्ता, पोशाक,खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु र सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नुपर्नेछ। स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नु हुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ।

२८. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान सञ्चालन हुने कार्यक्रमहरुको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रुपमा र प्रगति प्रतिवेदन चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनुहुनेछ ।

२९. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्तै मितव्ययिता अपनाई खर्च गर्नु पर्नेछ। आवश्यकता र औचित्य आधारमा मात्र अनुगमन तथा भ्रमण खर्च प्रदान गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ । सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्नेछ। नयाँ फर्निचर तथा अन्य सामग्री भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ र काम नलाग्नेलाई लिलाम बिक्री अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ कार्यालय र अति आवश्यकतामा बाहेक थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्वन गर्नु हुनेछ।

३०. प्रदेश अन्तगत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्दा विषयसँग सम्बन्धित संघीय तथा प्रदेशका अन्य मन्त्रालय तथा स्थानीय तहसँग समन्वय गरी दोहोरो नपर्ने गरी एकीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ । सरकारी खर्चमा कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु पर्नेछ।

३१. जग्गाको मुआब्जा निर्धारण गर्दा रजिष्ट्रेशन प्रयोजनको लागि सम्बन्धित मालपोत कार्यालयले निर्धारण गरेको सरकारी दररेटलाई आधार लिनु पर्नेछ।

३२. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

३३. बजेट वक्तव्यको बुँदा नं. ५२ अनुरूप पर्यटन वर्षको प्रवर्द्धनका लागि कर्मचारीको निम्ति दिईने रु २५ हजार र ६ दिनको बिदा सम्बन्धमा, यस प्रदेश सरकार अन्तर्गत र मातहतका निकायमा काजमा आई नियमित रूपमा एक वर्ष सम्म कार्यसम्पादन गरेका र प्रदेशमा समायोजन भई आएका कर्मचारीहरु हाजिर भएको एक वर्ष पुगेमा मात्र छ दिनको बिदा र पच्चीस हजार रूपैयाँ खर्च शीर्षक नं. २२६१२(भ्रमण खर्च)बाट भुक्तानी दिने व्यवस्था मिलाउनुहुनेछ । सो प्रयोजनको लागि थप रकम चाहिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा थप निकासाको लागि माग गर्न सक्नुहुनेछ। बिदा स्वीकृति र रकम प्रदान गर्दा सबैलाई एकैपटक नदिई कार्यालयको कार्यबोझ र समय विश्लेषण गरेर कर्मचारीको बिदा स्वीकृत गर्ने तथा सो रकम र कर्मचारी सङ्ख्याको चौमासिक प्रतिवेदन यस मन्त्रालयमा पठाउने व्यवस्था गर्नुहुनेछ ।

३४. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनुपर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तरसरकारी बैठकका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा भाग लिनुपर्नेछ। विनियोजित बजेट खर्च गरी वैदेशिक भ्रमण गर्दा नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०७५/१/१०मा स्वीकृत गरेको वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिकाको अधिनमा रही आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमतिमा सानो, मितव्ययी र छोटो अवधिको भ्रमण व्यवस्थापन गर्नु हुनेछ।

३५. सबै सरकारी निकायले आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा प्रदेश मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिने प्रावधानको पालना गर्नुहुनेछ।

सचिव

प्रदेश सरकार नागरिक तथा ... प्रदेश नं. १ विराटनगर, नेपाल

चारपाङ्ग्रे सवारीसाधन खरिद गर्नुअघि यस मन्त्रालयको सहमति लिएर मात्र खरिद गर्ने व्यवस्था मिलाउनुहुने छ ।

## (ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

३७. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको **आयोजना कार्यान्वयन कार्ययोजना** (Project Implementation Action Plan) साउन १५ गतेभित्र तयार गरी आयोजना स्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नु हुनेछ।

३८. निर्माण कार्यस्थल मा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्यसम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, कामसम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धी) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्नसक्ने गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ।

३९. सरकारी कार्यालयहरू र अनुदान जाने निकायहरूको खर्चको विवरण मासिक रूपमा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ। तलब, भत्ता, पारिश्रमिक, विजुली, सञ्चार महशुल जस्ता अनिवार्य खर्च बाहेक **रु.५० हजार** भन्दा माथिको खर्च भुक्तानी गर्नुअघि वेबसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ । साथै **सूचनाको हक सम्बन्धी ऐन,** २०६४ अनुसार गर्नुपर्ने प्रकाशन र सार्वजनिक सुनुवाइ नियमित रुपमा गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ ।

४०. राजस्व तथा खर्चको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको **कम्प्युटरराइज्ड प्रणालीबाट** राख्ने व्यवस्था मिलाउनु हुनेछ।

४१. प्रदेश सरकार(म.प) द्वारा स्वीकृत **सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५** को अक्षरशः कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। उक्त निर्देशिका कार्यान्वयनको अनुगमन प्रमुख सचिवज्यूको संयोजकत्वमा गठित समितिले गर्ने व्यवस्था रहेको व्यहोरा यहाँलाई विदितै छ। सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा **बैठक** भत्ता वा अन्य कुनै भत्ता लिन पाइने छैन।

४२. प्रचलित कानून बमोजिम **स्थायी** लेखा नं.(**PAN**) लिनु पर्ने व्यक्ति, फर्म वा संस्थालाई भुक्तानी गर्दा तथा तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यक्रम सञ्चालन गर्नको लागि दिइने पेश्कीहरुको भुक्तानीमा समेत अनिवार्य रुपमा स्थायी लेखा नं. उल्लेख गरी भुक्तानी गर्ने र स्थायी लेखा नं. को जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालयमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु हुनेछ ।

४३. विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको **आयकर, र पारिश्रमिक कर अग्रिम रुपमा** कट्टी गरी दाखिल गर्ने व्यवस्था मिलाउनुहुनेछ। कर बिल/बीजकको भुक्तानी गर्दा **मूल्य अभिवृद्धि कर (VAT)** को ५०% रकम आन्तरिक राजस्व विभागले तोकेको तरिका अनुसार दाखिल गरेर बाँकी (VAT) रकम मात्र कर बिल/बीजक बमोजिमको रकम सँग भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

४४. आयोजना/कार्यालय प्रमुखको **कार्य सम्पादन मुल्याङ्कनलाई** आयोजना/ कार्यालयको प्रगतिसँग आवद्ध गरी वृत्ति विकास एवम् पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ । बजेटमा स्वीकृत कार्यक्रम, पूर्वाधार विकास तथा आयोजनाहरुको सञ्चालन तथा कार्यान्वयनको कार्यलाई गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न गराउन **नियमित अनुगमन** गर्ने तथा आवश्यक निर्देशन दिनुहुनेछ ।

सचिव

४५. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा पठाउने व्यवस्था मिलाउनुहुनेछ।

४६. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, औषधि उपचार, उपदान, संचित बिदाको रकम लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामार्फत् भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ। औषधि उपचार, उपदान, सञ्चित बिदाको रकम भुक्तानी गर्दा जतिसुकै भए पनि A/C Payee चेक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

४७. आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट कार्यान्वयनको स्थितिको र प्रस्तुत बजेट कार्यान्वयन मार्गदर्शन अनुरुप कार्य भए नभएको निरन्तर अनुगमन गर्नेछ ।

आर्थिक वर्ष २०७६/७७ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: **www.moeap.p1.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

श्री सचिवज्यू,
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर ।
श्री प्रदेश सभा सचिवालय, प्रदेश नं.१, विराटनगर ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.१, विराटनगर ।
श्री प्रदेश योजना आयोग, प्रदेश नं.१, विराटनगर ।
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं.१, विराटनगर ।

........
(जीवन प्रकाश सिटौला)
सचिव

संलग्नः
क) विनियोजन ऐन, २०७६ - १ प्रति
ख) आ.व. २०७६/७७ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ प्रति
ग) आ.व. २०७६/७७ को प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरण - १ प्रति

बोधार्थः
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१ विराटनगर।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, सबै महाशाखाहरू।
(बजेट, योजना तथा कार्यक्रम महाशाखा)